# बर्दिबास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बर्दिबास,महोत्तरी

मधेश प्रदेश,नेपाल,

स्थापना २०७३

## आ.ब. २०८१/०८२ को शिक्षा युवा तथा खेलकुद शाखाको प्रगति बिवरण :

**शिक्षा तर्फ :**

यस नगरपालिका अन्तर्गत ५० (पचास) वटा सामुदायिक २७ (सताइस) वटा संस्थागत तथा ३ (तीन) वटा धार्मिक विद्यालयहरुमा छात्र १२१९६ र छात्रा १०४९८ जना गरी जम्मा २२६८५ (बाइस हजार छ सय पचासी) जना विद्यार्थीहरु अध्ययनरत रहेका छन् । यी सम्पूर्ण विद्यालयहरुको नियमित अनुगमन/निरीक्षण आवश्यक सहजिकरण गरी व्यवस्थित रुपमा शिक्षण सिकाई क्रियाकलापमा मद्दत गर्ने कार्यका अलवा यस शाखाबाट सम्पादन गरिएको मुख्य मुख्य कार्यहरु तपसिल अनुसार रहेको छः

१. साक्षर नगर घोषणाहुन बाँकी रहेका यस पालिका अन्तर्गतका ६ वटा वडा (८ देखी १३ सम्ममा) अभियान संचालन गरिएको ,

२. १० बर्षे रणनैतिक नगर शिक्षा योजना निर्माण कार्य अन्तिम चरणमा रहेको,

३. नगर क्षेत्रभित्रका सम्पूर्ण सामूदायिक धार्मिक तथा संस्थागत विद्यालयहरुलाई समेटी वृहत शैक्षिक महोत्सव विभिन्न नृत्य भषभुषा चित्रकला वक्तृत्वकला प्रतियोगिता सहित सम्पन्न गरिएको,

४. शिक्षक तथा कर्मचारीहरुको तलव भत्ता निकाशा दिवा खाजा निकाशा तथा गुणस्तर मूल्याङ्कन पाठ्यपुस्तकको निकाशा तथा सुनिश्चितता तथा अन्य निकाशा सम्बन्धी सम्पूर्ण कार्य गरिएको,

५. शिक्षक तथा कर्मचारीहरुको अभिलेख व्यवस्थापन कार्य,

६. फर्निचर अति आवश्यक देखिएका विद्यालयहरुमा २०० थान डेक्स बेन्च निर्माण तथा वितरण सम्बन्धी कार्य ,

७. विद्यालयमा नविनतम सूचना प्रविधिको विकास तथा गुणस्तरीय शिक्षा प्रवर्दनका लागि My Second Teacher App मार्फत कक्षा ११ र १२ मा डिजिटल सिकाईको थालनी साथै नगर भित्रका ६ वटा विद्यालयहरुमा Smart board वितरण गरिएको ,

८. बालवालिकासँग जनप्रतिनिधि कार्यक्रम मार्फत यस नगर क्षेत्रभित्रका ५ वटा विद्यालयमा विद्यार्थी अभिभावक शिक्षक वि व्य स तथा अन्य शिक्षाप्रेमीहरुको सहभागीतामा गुनासो सुनुवाई तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको,

९. बर्दिबास नगरपालिका अन्तर्गत संचालित सम्पूर्ण सामुदायिक बिद्यालयहरुका लागि आवश्यक न्युनतम शिक्षक दरबन्दी पुरा गर्ने गरि १०३ (एक सय तीन) नगर शिक्षकको व्यवस्थापन गरी दरबन्दी अभावमा पठनपाठनमा हुने क्षति न्यूनीकरण गरिएको साथै दरबन्दी मिलानको काम सम्पन्न भएको ,

१०.उच्च शिक्षा तथा बिद्यालय तहमा अध्ययनरत कमजोर आर्थिक अवस्था तथा जेहन्दार बिधार्थीहरुका लागि "मेयर छात्रवृति कार्यक्रम मार्फत सबैले पढ्ने पाउने हक सुनिश्चित गरिएको,

११.बालविकास केन्द्रलाई थप प्रभावकरी बनाउन उक्त केन्द्रमा अध्ययनरत बालबालिकाहरुको लागि आवश्यक शैक्षिक तथा खेल सामग्री बितरण गरिएको साथै सबै बालविकास केन्द्रमा अध्यापनरत सहजकर्ताहरुलाई थप सक्रिय बनाउन नगरपालिकाबाट मासिक २ हजार तलव वृद्दी गरिएको साथै प्र अ लाई मासिक थप भत्ताको व्यवस्थापन गरिएको जसमा प्र अ नेतृत्व विकास तालिममा ५१ जना को लागि तालिम उपलब्ध गराइएको,

१२.शिक्षकहरुको क्षमता विकास तथा सिपलाई पुनर्ताजगी गर्न क्षमता अभिबृद्धि तालिम संचालन गरिएको |

१३.आधारभूत तह कक्षा १-५ संचालित बिद्यालयहरुमा बिद्यालयप्रति बिधार्थीको आकर्षण बढाउन,कक्षा छाड्ने दर कम गर्न र सिकाइ उपलाब्धिमा बृद्वी  गर्न  १-५ संचालित विद्यालयमा अध्ययनरत बालबालिकाहरुको लागि विद्यालय जाने झोला वितरण गरिएको,

१४.विद्यालयमा शौचालय अभाव भएको ३ वटा सामुदायिक बिद्यालयहरुमा वास सहितको शौचालय निर्माण गरिएको,

१५.विद्यालयका पुराना भवनहरुबाट पानी चुहिने समस्याका कारण पठानपाठनमा कठिनाई भएका यस नगरपालिका अन्तर्गतका विद्यालयको पुराना छाना फेरी नंया बनाइएको,

१६.कम्पाउण्ड वाल नरहेको विद्यालय मर्मत सम्भार तथा रङ्गरोगन गर्न बाँकि रहेको विद्यालयमा घेराबार निर्माण तथा मर्मत सम्भारका लागि बजेट बिनियोजन भई कार्य सम्पन्न भएको,

१७.नयाँ भवन निर्माणका लागि ३ विद्यालयहरुलाई ४ कोठे भवन प्रथम पटकको कार्य सम्पन्न  गर्न  बजेट विनियिजोन भई कार्य सम्पन्न भएको,

१८..विद्यालयहरुले संचालन गरेका शिक्षक तालिम , कोचिङ्ग कक्षा, अतिरिक्त क्रियाकलापका साथै विधार्थीहरुको अवलोकन भ्रमणका लागि सहयोग प्रदान गरिएको,

१९.केन्द्रबाट प्राप्त भएका ससर्त अनुदान अन्तर्गतका विज्ञान प्रयोगशाला ,आई.सि.टि ल्याब,पुस्तकालयहरु आवश्यकताका आधारमा वितरण गरि ७ वटा विद्यालयमा स्थापना गर्ने कार्य सम्पन्न गरिएको,

२०.. सम्पूर्ण स्थायी शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन कार्य गरिएको ,

२१.. सम्पूर्ण स्थायी शिक्षकहरुको तलवी प्रतिवेदन पारित गरिएको,

२२.विधार्थीको मूल्याङ्कन, विद्यालय अनुगमन तथा निरीक्षण साथै शिक्षकको पेशागत सहयोगका कार्य निरन्तर रुपमा अधी बढाइएको साथै उपलब्धि थप गरिएको ,

२३.नगर स्तरीय कक्षा -८ को परीक्षा  मर्यादित,व्यवस्थित रुपमा संचालन गरिएको साथै अघिल्लो बर्षहरुमा भन्दा नतिजामा सुधार ल्याईएको ,

२४.सम्पूर्ण  विद्यालयहरुमा विद्यालय  व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ  गठन गर्ने कार्य गरिएको,

२५.विद्यालयले समयमै गर्न पर्ने इमिस अध्यावधिक ,विद्यालय सुधार योजना ,सामजिक परिक्षण ,लेखा परिक्षण कार्यलाई व्यवस्थित र समयसिमा भित्र सम्पन्न गराइएको ,

२६.संगीत प्रति अभिरुची राख्ने सामुदायिक विद्यालयमा अध्ययरत विधार्थीहरुका लागि नगरपालिकाबाट थप सहयोग उपलब्ध गराई ५ वटा विद्यालयहरुमा संगीत कक्षा संचालन गरिएको ।

## युवा तथा खेलकुद तर्फ :

१. नगर भित्रका खेलाडीहरुको प्रतिभा पहिचान तथा खेल भावना जगाई राख्न नगर स्तरीय क्रिकेट प्रतियोगिता, नगरपालिका स्तरीय फुटवल प्रतियोगिता, राष्ट्रपति रनिग शिल्ड प्रतियोगिता संचालन गरिएको साथै प्रदेश स्तरीय भलिवल प्रतियोगिता , ब्याडमिन्टन प्रतियोगिता र कराते प्रतियोगिता संचालन गरिएको,

२. वडा स्तरमा आवश्यक  विभिन्न क्लव संस्था तथा खेलाडीहरुलाई खेल सामग्रीहरु बितरण गरिएको साथै मैदान व्यवस्थापन कार्य समेत भएको,

३. जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगीतामा लगातार ३ बर्ष प्रथम भई उपाधि यस नगरपालिकाको वनाउन सफल गर्ने कार्यमा सहयोग तथा सहजीकरण सम्बन्धी कार्य,

४. यूवाहरुमा नेतृत्व क्षमता विकास गर्ने उद्देश्यका साथ स्थानीय खेलकुद सम्बन्धी क्लवहरुलाई प्रतियोगिता संचालनको अवसर दिई नेतृत्व विकास सम्बन्धी कार्यमा वढवा दिएको,

५. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितालाई अझै प्रतिस्पर्धात्मक र व्यवस्थित बनाउन २३ वटै सामूदायिक माध्यमिक विद्यालयहरुमा खेल सामग्री वितरण गरिएको ।